नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र

श्रीमहल, पुल्चोक
फोन नं. ५५४४४०४

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७३/६/२०)

यस केन्द्रद्वारा आर्थिक वर्ष ०७३/७४ मा तपसिलको खरिद कार्य गर्नुपर्ने भएकोले निम्न सर्तहरूको अधिनमा रही सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

| प्याकेज नं. | ठेक्का नं. | कामको विवरण | खरिद विधी | धरौटी वापतको रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SWMTSC/NCB/Goods/01-073/74 | Purchase and Supply of Household Compost Bin. | सिलबन्दी बोलपत्र | १,६८,०००।०० | १०००।०० | |
| २ | SWMTSC/NCB/Goods/02-073/74 | Purchase and Supply of Double Stand Seggregation Bucket and Bucket with Wheels. | सिलबन्दी बोलपत्र | १,१०,०००।०० | १०००।०० | |

**सर्तहरू :**

१. इच्छुक बोलपत्रदाताहरूले सिलबन्दी बोलपत्रसम्बन्धी कागजात सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र माथि तालिकामा उल्लेख गरे बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट ३१औं दिनको १२:०० बजेभित्र कामको नाम उल्लेख गरी चालु आ.व. ०७३/७४ सम्म नविकरण भएको इजाजत पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं., आ.व. ०७१/७२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिका साथ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ को २ (क) बमोजिम बोलपत्रको हकमा ३ वर्षको कार्य अनुभवसहित पछिल्लो ३ वर्षमा वार्षिक औषत प्याकेज १ (एक) को हकमा रू. १,१९,००,०००।- र प्याकेज २ (दुई) को हकमा रू. ७९,८५,०००।- को कारोबार गरेको बोलपत्रदाताहरूले यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। उक्त समयभित्र दाखिला हुन आएका सबै बोलपत्र सोही दिनको १:०० बजे यस केन्द्रमा खोलिने छ।

२. तोकिएको मिति र समयमा प्राप्त सिलबन्दी बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोली मुचुल्का तयार गरिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।

३. शिलबन्दी बोलपत्रको लागि माथि उल्लेख गरे बमोजिको धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरका नामको नेपाल बैंक लिमिटेड, गावहाल शाखा स्थित खाता नं. १८०-५१-१६८५६ र कार्यालय कोड नं. २८-३४७-०२ मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र खरिद गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिनको मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बैंकवाट यस केन्द्रको नाउँमा जारी गरिएको बैंक ग्यारेण्टी (बिड बण्ड) पेस गर्नुपर्नेछ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन माथि उल्लेख गरिएकै समयभित्र उक्त कार्य गरिनेछ।

५. बोलपत्र फाराममा मूल्य अभिवृद्धि करबाहेकको रकम अंक र अक्षरमा समेत स्पष्टसँग लेखी शिलबन्दी गरी बाहिर खाममा आफूले गर्ने कामको नाम लेखी यस केन्द्रमा बुझाउनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६ शिलबन्दी बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ।

७. रित नपुगेको वा म्याद नाघी पर्न आएको बोलपत्र माथि कारबाही गरिने छैन। शर्त सहितको बोलपत्र मान्य हुने छैन।

८. बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा आशिक रूपमा स्वीकृत गर्ने अन्तिम अधिकार केन्द्रमा सुरक्षित रहनेछ।

९. टिपेक्स लगाएको अंक र अक्षर मान्य हुने छैन।

१०. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

११. यस सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरूको हकमा प्रचलित ऐन/नियम अनुसार हुनेछ।

१२. यो सूचना यस केन्द्रको Website www.swmtsc.gov.np मा पनि हेर्न सकिने छ।